संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन


गाईपालनमा रमाएका खोटाङ लिच्किराम्चेका ५९ बर्षिया नर्बदा दाहाल ।

■ बर्ष-१५, ▸▸ अंक ३९६ भदौ ८ मंगलबार,२०७८, August– 24 Tuesday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. १०/- www.majhkharka.com

# गाई भैसी पालन हेर्न मोतिगडा ठाडी जाउँ

❖ बेद कुमारी बान्तवा राई


आफ्नो गाईफमा उत्पादन भएको दुध डेरी पुर्याएर फर्कदै जिबन श्रेष्ठ

जिबन श्रेष्ठ

**उदयपुर, भदौ ७**

उदयपुर जिल्लाको सदरमुकाम गाइघाटमा रहेको त्रियुगा नगरपालीकाको वडा नं. ३ भुल्के ठाडी गाउँमा जिवन श्रेष्ठले गाईपालन सञ्चान गरिरहेका छन् । उनको जन्म खोटाङ जिल्लाको बाराहा पोखरीको बिचमा भएको थियो उनले गाईपालन व्यावसाय गर्नु भन्दा अगाडी १४ बर्ष विदेशको सिनापेक भन्ने चाइनिज कम्पनिमा रहेर काम गरेर आएका हुन् ।

बिदेश जानुभन्दा अगाडी उनि नेपाली काग्रेशको पाटिको जिल्ला कमिटीमा बसेर काम गरे साथै जिल्ला कार्यलय सचिव लगतै नि.वी सघं जिल्लाको उपादक्ष्य समेत भएका श्रेष्ठ खोटाङको क्यम्पस अध्यक्ष पनि भएका थिए । बाराहामा बस्ने श्रेष्ठ २०६२ सालमा उदयपुरमा झरेका हुन्। मुलुकलाई दिशा निर्देशित गर्नुपर्छ भन्ने सोच भएको श्रेष्ठले २०७४ सालदेखि गाईपालन व्यावसाय सुरु गरेका हुन्। उनले चितवनबाट प्रतिगोटा - **बाँकी २ पेजमा**

# भैसी पालनमा रमाएको दम्पती

❖ भावना बान्तवा राई


क्षेत्र बहादुर खड्का


धर्म माया खड्का

**उदयपुर, भदौ ७**

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट देखि १ क्लिो मिटर दुरीमा रहेको भुल्केमा क्षेत्र बहादुर खड्काले भैसी पालन गरिरहेका छन् ।

उनको जन्म थलो भलायो डाडा (भदौरे)मा भएता पनि हाल भुल्केमा बस्दै आइरहेका छन् । २०५९ सालमा सशस्त्र प्रहरीमा भर्तिभएर १६ बर्ष पुरा भएकाले पेन्सिनको स्तरमा पुगी भैंसी पालन सुरु गरेका हुन् । २०६२ सालदेखि खड्काले भैसी पालन सुरु गरेको व्याबसायको रुपमा २०७५ सालदेखि भैसी पालन गर्न थालेका हुन् ।

सुरुमा ८० हजार रुपैयामा - **बाँकी २ पेजमा**

# सार्बजनिक बस भाडामा बिबाद

❖ मुलुकी संवाद्दाता


उमेश बस्नेत-महासचिब

**उदयपुर, भदौ ७**

संघिय सरकारले पछिल्लो पटक सार्बजनिक सवारी साधनमा बढाएको २८ प्रतिशत भाडाको असर उदयपुरमा परेको छ ।

उदयपुर हिमाली यातायात ब्याबशायी केन्द्रका महासचिब उमेश बस्नेतका अनुसार संघीय सरकारले बढाएको २८ प्रतिशत भाडामा हामीले सार्बजनिक सवारी साधन चलाईरहेका थियौ तर एक साता अघि एक नम्बर प्रदेशले २८ प्रतिशत भाडालाई २२ प्रतिशत मात्र भाडा बृद्धि गर्न आदेश आए पछि अहिले बिबाद उत्पन्न भएको हो । महासचिब बस्नेतका अनुसार गाईघाट बाट लहान दुई नम्बर प्रदेश हुँदै एक नम्बर प्रदेश जाने सार्बजनिक सवारी साधनहरु अहिले मारमा परेका छन् । प्रदेश एकको एउटा भाडादर र प्रदेश दुईको अर्को भाडा दर हुने भएकाले यस्तो अबस्था सिर्जना भएको हो । प्रदेश एक सरकारले बढाएको २२ प्रतिशत भाडामा पनि सहमत रहेको महासचिब बस्नेतको भनाइ रहेको छ ।

# मुलुकी दैनिक रंगिन बन्दै

उदयपुर जिल्लाको छापा पत्रकारिता इतिहासमा सबैभन्दा पुरानो माझखर्क साप्ताहिकबिगत १७ बर्षअघि २०६१ साल जेठ १३ गते बुधबारदेखि निरन्तर हरेक हप्ताको बुधबार प्रकाशन हुँदै आएको छ । माझखर्क साप्ताहिकको सहप्रकाशन मुलुकी खबर दैनिक बिगत १५ बर्षअघि २०६३ साल बैशाख ७ गते बुधबार देखि जिल्लाकै पहिलो दैनिक प्रकाशन हुँदै आएको छ । आगामी २०७८ साल भदौ १८ गते शुक्रबार मुलुकी दैनिक पत्रिका १६ बर्ष पुरा गरी १७ बर्ष लागेको अबसरमा रंगिन रुपमा प्रकाशन हुँदैछ । सो १७ औं बार्षिक उत्सवको दिन रंगिनमा पत्रिका बिशेष अंक प्रकाशन हुने भएकाले तपाई पाठक शुभचिन्तकहरुलाई बिशेष अंक प्रकाशनको लागि लेख पठाईदिनुहुन अनुरोध छ। सम्पर्क - सम्पादक बुद्धि कुमार राई ९८४२९८५१८८ । साथै मुलुकी दैनिक पत्रिकाको मासिक, बार्षिक ग्राहक शुल्क बितरकलाई पठाईदिएर सहयोग गरिदिनुहुन अनुरोध छ । ब्यबस्थापक

# खानेपानीको जारमा भेटिएको भ्यागुतो कहा पुग्यो

❖ मुलुकी संवाद्दाता

**गाईघाट, भदौ ७**

जिल्ला प्रशासन कार्यालय उदयपुरले भदौ ४ गते शुक्रबार गाईघाट बजारको एक औषधी पसलका बिक्रेता प्रतिमा चौधरीले खान किनेको पानीको शिल्ड गरिएको जारको पानीमा भेटिएको भ्यागुतो को खोजी गरिरहेको छ ।

जिल्ला प्रशासन कार्यालय उदयपुरका शाखा अधिकृत दिपक दाहालका अनुसार घटना मुचुल्का अनुसार प्रक्रिया अघि बढिरहेको जानाकारी दिए ।





सम्पादकीय

# मोटरसाईकलमा कडाई

जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुर अहिले पछिल्लो समय जिल्ला सदरमुकाम गाईघाटमा ट्राफिक ब्यबस्थापनमा चुस्त दुरुस्त रुपमा लागि परेको छ। जिल्ला सदरमुकाम गाईघाट ब्यस्त सहर भएका कारण पनि ट्राफिक ब्यबस्थापन चुनौती छ। गाईघाट बजारमा पछिल्लो समय चुनौती बनेको छ अटो सवारी गाडी ।

ट्राफिक प्रहरी कडाईका साथ लागेको छ। तर सवारी दुर्घटना भने कम हुन सकिरहेको छैन। दुई दिन अघि सदरमुकाम गाईघाट नजिक २ किलोमिटर दुरी मोतिगडा मा एक युवा जो २५ बर्षिय थिए उनी मोटरसाईकल दुर्घटनामा मृत्यु भए। त्यस्तै हिजो सोमबार बेलका नगरपालिकामा एक २४ बर्षिय युवाको मोटरसाईकलमा नै दुर्घटनामा परेर मृत्यु भयो। उदयपुर जिल्लामा अहिले २६ जना ट्राफिक प्रहरीहरु कार्यरत छन्। जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुरमा प्रहरी नायब निरिक्षक (सइ) लिला कुमार श्रेष्ठको नेतृत्वमा ट्राफिक प्रहरीले काम गरिरहेको छ। त्यस्तै कटारी नगरपालिकामा प्रहरी सहायक निरिक्षक (असइ) र बेलका नगरपालिका रामपुरमा प्रहरी सहायक निरिक्षक (असइ) कै नेतृत्वमा ट्राफिक परिचालन छन्। त्यस बाहेक अन्य क्षेत्रमा हवल्दारको नेतृत्वमा ट्राफिक प्रहरी परिचालन छन् ।

अहिले प्रमुख समस्या भनेको बिना लाईसेन्स मोटरसाईकल चलाउने र आफु सहित अन्य ब्याक्तिलाई खतरा बनाउने बढि समस्या छ। अब भने नो लाईसेन्स नो ड्राईभिङ भन्ने प्रचलन ल्याउन जरुरी छ। यदि जो कोही लाईसेन्स युक्त ब्याक्तिले आफन्त, छोराछोरीलाई बिना लाईसेन्स मोटरसाईकल, स्कुटर चलाउन दिन्छ भने उनीहरुको सवारी साधन दुई महिना ट्राफिक प्रहरी कार्यालयमा राखिदिनुपर्दछ। लाईसेन्स लिएकाहरु पनि ट्राफिक नियम बिपरित तिब्र गतिमा मोटरसाईकल कुदाउने चलन छ तिनिहरुलाई पनि कानुनी दायरामा ल्याउन जरुरी छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुरका प्रहरी गाईघाट बजारमा ड्युटीमा उभिरहेका हुन्छन् तर उनीहरुको बेवास्ता गर्दै मोटरसाईकल चालकहरुले सडकपेटी मिचेर पार्किङ गर्दछन्। यो ट्राफिक प्रहरीलाई हेपेर गरेको कार्य हो। मोटरसाईकल चालकहरुको भनाई छ एकछिन अरे, हत्तार भएर एक छिन पार्किङ गरेको भन्छन्। होइन दुर्घटना भनेको एक छिन, हत्तारलाई माफि दिन्छन र ? दुई दिन अघि मृत्यु भएका ति दुई युवाको जिवन फेरी एक छिन भनेर फर्केर फिर्ता हुन्छ र ?

जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुरले सबैलाई समान कानुन लागु गर्नु पर्छ। त्यहि सडक पेटीमा पार्किङ गर्ने मोटरसाईकललाई १ हजार जरिबाना गर्ने तर त्यही ठाउँमा पार्किङ गर्ने अर्को मोटरसाईकललाई छुट हुन कदापी हुन्न। नियम सबैलाई बराबर हुनुपर्दछ। ट्राफिक प्रहरी गाईघाट मेनचोकमा उभिन होइन बजारको सबै सडकपेटीमा पार्किङ गर्नेहरुलाई कारबाही गर्नु पर्यो। सडकको किनारमा मोटरसाईकल पार्किङ गरे र चिया पिउने नेताहरुलाई चेतना स्वरुप मोटरसाईकल तानेर ट्राफिक प्रहरी कार्यालय लानु पर्यो। अब नो लाईसेन्स नो ड्राईभिङ। सडकपेटी, सडककिनारमा नो पार्किङ हुनुपर्यो ।

## गाईघाट बजारको खुद्रा तरकारी भाउ।

| | | | |
|---|---|---|---|
| १, आलु | रु ४० | १६, धनियाँ | रु ८० |
| २, अदुवा | रु १६० | १७, लोकल बोडी | रु ८० |
| ३, टमाटर | रु ६० | १८, खर्बुजा | रु ४० |
| ४, बन्दा | रु ६० | १९, रायो साग | रु १०० |
| ५, भेन्टा | रु ८० | २०, लट्टे साग | रु ६० |
| ६, खुर्सानी | रु २०० | २१, प्याज | रु ७० |
| ७, मुला | रु ६० | २२, निगुरो | रु २५ |
| ८, पर्बल | रु १०० | २३ दुध | रु. ७० |
| ९, तितेकरेला | रु ६० | २४, दही | रु ९० |
| १०, भिन्डी | रु ८० | २५, मोही | रु ५० |
| ११, च्याउ | रु २४० | २६, घ्यु | रु ७०० |
| १२, काउली | रु १६० | २७, राँगाको मासु | रु ४०० |
| १३, पर्सी | रु ५० | २८, बंगुरको मासु | रु ४०० |
| १४, कटहर | रु ४० | २९, खसीको मासु | रु १,००० |
| १५, काँका | रु ७० | | |

# भैंसी पालनमा रमाएका खड्का दम्पती



उदयपुर जिल्ला त्रियुगा नगरपालिका ३ भुल्के ठाडी गाउँमा रहेको आफ्नो भैसी पालन फारममा क्षेत्र बहादुर खड्का र उनकी जीवनसाथी धर्ममाया खड्का ।

एउटा माउ भैसी ल्याएको खड्काले बर्षमा दुई दुई वटा थपेर अहिले ७ माउ भैसी बनाएका छन्। साथै हाल ७ माउ भैसीका ७ वटा बच्चाहरु रहेका छन् । उनले एउटा भैँसीलाई ८० हजारमा खरिद गरेका थिए भने अहिले एउटा भैँसी एक लाख २० हजारमा बेच्दछन् ।

७ वटा भैँसिमा ४ वटा भसैँसीले दुध ८।९ लिटरसम्म दिने भएकाले ३० लिटर दुध सगरमाथा दुध डेरीमा बेच्ने गरेको खड्का बताउछन्। भैँसि पालनमा हाल ९ लाख रुपैयामा लगानी रहेको बताए। उनले दिनमा ७० रुपैयाँ लिटरले दुध बेच्दा २१ सयँ रुपैयाको दुध बेच्ने गरेका छन् ।



क्षेत्र बहादुर खड्काको भैसी पालन

उनका श्रिमती धर्ममायाँ खड्का र छोराहरु डेविड, टेनिस खड्काले सँगै बसेर भैँसी पाल्नमा उनलाई सहयोग गर्छन्। उनले आप्ना जेठो छोरा कक्षा ७ मा र कान्छो छोरा कक्षा ४ मा पढाईरहेका छन् ।उनले भैँसीको हेरविचारको क्रममा ३ पटक घाँस,पराल र एक पटक खोलेपानी खुवाउछन्।

खड्काले आप्ना भैँसीलाई घाँस,पराल,दाना,नुन् र पिठो जस्ता पदार्थ खुवाएर भैसी पालेका छन्। आम्दानीको स्रोत त्यहि भैँसी भएकाले खड्काले एक विघा जमिनमा त्यहि भैँसीको मल लगाएर धान,मकै फलाउनुका साथै उभ्रेको मललाई एक ट्याक्टर मलको ४ हजार का दरले बेचेर मलको सदुपयोग गर्छन्। उनले मासिक ३० हजार को भैँसीलाई खुवाउने दाना,नुन्,पिठो आदि पदार्थ खरिद गर्छन्। उनले एउटा भैँसीको २४ सयले ७ वटा भैँसीको बिमा गरेका छन्। त्यसमा विमा कम्पनीले यदि भैँसि नब्याएको खण्डमा १० प्रतिसतले अनुदान दिने यदि मरेमा १ लाख विमामा १० प्रतिशतले काटेर ९० प्रतिशत दिने सुविधा दिएको छ ।

अहिले उनको गोठमा पाडापाडी गरेर जम्मा १४ वटा छन् यदि सरकारी अनुदान मिलेमा अझै ५वटा भैँसि थप्ने उनको विचार छ । त्यसको लागी खड्कालाई सरकारी अनुदान को आवश्यक्ता रहेको उनले बताए।

## गाईपालन ...



गाईपालनमा लागेका उज्वल श्रेष्ठ



गाईपालनमा रमाएका खोटाङ लिच्किराम्चेका ६० बर्षिय बिष्णु बहादुर दाहाल र ५९ बर्षिया नर्बदा दाहाल ।

गाईको ९० हजार देखि १ लाख ६० हजारले ७ वटा गाई खरिद गरेर उदयपुरमा गाईपालन व्यावसाय सररु गरेका थिए ।

अहिले उनको गोठमा माउ गाई ३५ वटा र १० वटा बाछाबाछी गरेर जम्मा ४५ वटा गाईहरु छन् । गाठका गाईहरुले भदौ देखि ब्याउने भएकाले अहिले १३ वटा गाईले मात्र दुध दिदै गरेको श्रेष्ठले बताए । उनका गाइले प्रतिगोटा १सय लिटर बराबरको दुध दिने गरेको छ ।गाईको दुध ६० रुपैयाँ लिटरले गाईघाटको पाथिभरा डेरिमा श्रेष्ठले बेच्ने गरेका छन् । उनले लिजको ४ विघा जग्गामा अहिलेसम्म ७० लाखको लगानी भएको बताए ।

उनले ३४ लाखको प्रोजेक्टमा प्रधानमन्त्री कृषि आधुनिकीकरण प्रयोजना सरकारको विभागले १७ लाखको अनुदान दिएको र बाकी ५० प्रतिशत आप्नो लगानी रहेको उनको भनाई छ। अहिले उनको गोठमा आईसनफीजन जातका गाईहरु छन् भने अब अरुजातिका गाई पुर्व झापा र चितवनबाट ५० माउ गाई खरिद गरी थप्ने बताए । उनको गोठमा ६० बर्षिया सिहंबहादुर दाहाल,५९ बर्षिया नर्वदा दाहाल र १८ बर्षिया रविन्द्र राई गरी ३ जना कामदारहरुले काम गर्छन् ।

उनले लुम्बिनी नामको सस्थामा प्रतेक गाईको बार्षिक २५ सयले विमा गरेका छन्। विमाको शुल्क १ लाखको गाई बराबर २५ सय तिरेर यदि गाई मरेको खण्डमा ९० प्रतिशत विमा कम्पनीले गरेको श्रेष्ठले बताए । उनका गोठमा प्रदेशबाट,देन्द्रबाट लगाएत समन्वयबाट समेत माननीयहरुले आएर अनुगमन गरेको तर पटम पटक आउन आग्रह गर्दा समेत स्थानिय सरकार हेर्ने नआएको उनको भनाई छ। स्थानिय युवाहरुले यस्ता व्यावसाय गर्दा अध्यन गरेर मात्र हात हाल्ने सन्देश दिए ।

**स्पेन ......**

ए को अन्तिम खेलमा रुस फुटबल युनियन र जापानबीचको खेल नतिजाले पाराग्वेको अर्को चरणको निधो गर्नेछ । पाराग्वेसँगको हारपछि अमेरिका भने एउटै खेल नजिति प्रतियोगिताबाट बाहिरिएको छ। जापान भने पहिलो खेलमा पाराग्वेलाई हराएपछि दोस्रो खेलमा अमेरिकालाई ४-३ ले हराउँदै प्रतियोगितामा नै समुह चरण पार गर्नसक्ने पहिलो टोली बनेको थियो । अब जापानले अन्तिम खेलमा रुससँग पराजित भएपनि नकआउट चरण जाने पक्का भएको छ।

ओमनपछि यूएई बाहिरिएसँगै जारी प्रतियोगितामा अब एशियाबाट जापान एकमात्र टोली बाँकी रहेको छ। समुह ए मा आयोजक रुसले पहिलो खेलमा अमेरिकालाई अतिरिक्त समयमा ५-४ र पाराग्वेलाई पेनाल्टी शुटआउटमा ५-४ ले पराजित गरेको थियो । सामान तीन अंक भएपनि गोलअन्तरमा पाराग्वेभन्दा रुस पछि छ । अन्तिम खेलमा जापानविरुद्ध राम्रो नतिजा ल्याउन सकेमा रुस अघि बढ्नेछ नत्र पाराग्वेले मौका पाउनेछ। आईतबार अबेर सम्पन्न खेलमा समुह सी मा ब्रजिलले इल साल्भाडोरलाई ४-२ र समुह डी मा सेनेगलले पोर्चुगललाई ५-३ ले पराजित गरेको थियो ।

# गिदेरी खोला पुल निर्माण सकिदै

❖ महेन्द्र राई

*बेलका, भदौ ७*

बेलका नगरपालिका वडा नं.-५ को शिखरमाडी खयर बनी जोड्ने गिँदेरीखोला पक्की पुलको निर्माण कात्रृ अन्तिम चरणमा पुगेको छ । एलाइट सूर्य जेभी धरानले ठेक्का लिएको उक्त पुलको ८० प्रतिशत काम सम्पन्न भइसकेको बताइएको छ । यातायात पूर्वाधार निर्देशनालय इटहरीले कार्यान्वयनमा ल्याएको सो योजनाको काम आगामी कार्तिक महिनाभित्र सकिने कम्पनी प्रतिनिधि बलराम मण्डलले बताए ।

प्रदेश सरकारको करिब ९ करोड ८ लाखको अनुदान लागतमा पुल निर्माण कार्य भइरहेको हो। मण्डलका अनुसार जम्मा ३ स्पानमध्ये पहिलो र दोस्रो स्पानको काम सकेर हाल तेस्रो स्पानको काम तिब्र गतिमा भइरहेको छ । निर्माणाधीन पुलको लम्बाइ ८२ मिटर र चौडाइ ११ मिटर रहने स्रोतले जनाएको छ। सो पुल निर्माण पश्चात् शिखरमाडी, खयरबनी, कन्चिरा, झोरापाटा, गलेनी लगायतका टोलबासीहरु लाभान्वित हुने स्थानीयले बताए ।














# सार्बजनिक शौचालय निर्माण

❖ महेन्द्र राई

*चौदण्डीगढी, भदौ ७*

चौदण्डीगढी नगर पालिका वडा नं.-४ को शनिबार बजारमा एक सार्वजिक शौचालयको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । बजार व्यवस्थापन समितिका अध्यक्ष अर्जुन घिसिङका अनुसार वर्ल्ड बैंकको ३२ लाख अनुदान सहयोगमा बनिरहेको उक्त शौचालयको निर्माण कार्य अन्तिम चरणमा पुगेको हो ।



शौचालयको ढोका, भइँतला ढलान र ट्याङ्की राख्ने काम बाँकि रहेको ठेकेदार अमर नेपालीले बताए ।

गत पुस महिनामा नगर प्रमुख खगेन्द्र राईद्वारा शिलान्यास भएको सो शौचालयको लम्बाइ ५० फुट र चौडाइ १५ फुट रहेको बताइएको छ । शौचालय निर्माणपश्चात बसका यात्रु तथा हटिया भर्न आउनेहरु लाभान्वित हुने बजार समितिले जनाएको छ ।








# प्रियंका फैन्सी पसल

तिजको नयाँ डिजाइनको सारी, कुर्ता सुरुवाल प्रियंका फेन्सी पसलमा पाईन्छ ।

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४

# स्पेन र ताहिटी अघि बढ्न सफल

❖ बिबेक राई

*उदयपुर, भदौ ७*

रुसमा भइरहेको ११ औँ फिफा बिच् सकर विश्वकपमा स्पेन र ताहिटी समुह चरण पार गर्दै अघि बढ्न सफल भएका छन् । समुद्र तट अर्थात बालुवामाथि बगरमा खेलिने फुटबलको विश्वकप अहिले रुसमा भइरहेको छ । सोमबार भएको समुह बी को अन्तिम खेलमा आ-आफ्नो खेल जित्दै दुवै टोली नकआउट चरण पुग्न सफल भएका हुन् । ताहिटीले मोजम्बीकलाई ८-७ र स्पेनलाई यूएईलाई ५-३ ले हराउन सफल भयो । सामान्य फुटबलभन्दा बालुवामाथि खेलिने फुटबलमा धेरै गोल निस्किने गर्दछ ।

त्यसैको नतिजास्वरुप सोमबार भएको दुवै खेलमा गोलहरु निस्किएका थिए । यूएईले सातौँ मिनेटमा अलि मोहम्मद र नवौं मिनेटमा अहमद मलाहीको गोलमा अग्रता लिएको थियो । तर १३ औं मिनेटमा चिकि र १५ औं मिनेटमा इडुवर्डको गोलमा स्पेन बराबरी गर्न सफल भइहाल्यो । त्यसपछि स्पेनले नै १७ औं मिनेटमा कप्तान जाभियर टोरेस र २१ औं मिनेटमा पाब्लो पेरेजको गोलमा अग्रतालाई ४-२ को अवस्थामा पुऱ्याए । २२ औं मिनेटमा अलि मोहम्मदले गोल गरेर यूएईलाई फर्काउने कोशिस गरेका थिए ।

तर ३० औं मिनेटमा स्पेनका पेरेजले पुन: गोल गरेर स्पेनको ५-३ को जीत पक्का गरिदिए । यूएईले समुहको पहिलो खेलमा बलियो ताहिटीलाई अतिरिक्त समयमा ४-३ ले पराजित गरेका थिए । बगरमा खेलिने यस प्रकारको फुटबलमा निर्धारित समयमा निकालेको जितमा तीन अंक, अतिरिक्त समयमा जित निकालेमा दुई र पेनाल्टी शुटआउटको जितमा एक अंक दिने नियम छ । त्यसैअनुसार यूएईले दुई अंकको साथ सुरुवात गरेपनि त्यसपछिका दुई खेलमा प्रतिस्पर्धात्मक हार व्योहोर्दा प्रतियोगिताबाट बाहिरिनुपऱ्यो ।

यूएईले आफ्नो दोस्रो खेलमा मोजम्बीकसँग ४-२ को हार व्योहोरेको थियो । यता स्पेन भने पहिलो खेलमा मोजम्बीकमाथि -४ को जितपछि दोस्रो खेलमा ताहिटीसँग १२- ले पराजित भएपनि अन्तिम खेलमा यूएईलाई हराउँदै समुह उपविजेता बन्दै नकआउट चरण पुग्न सफल भयो । समुह बी को अर्को खेलमा ताहिटीले मोजम्बीकलाई हराएपछि गोलअन्तरको आधारमा समुह विजेता बन्नु सफल भयो । पहिलो खेलमा यएईसँग हारेपनि ताहिटीले दोस्रो खेलमा स्पेनलाई जितेको थियो ।

मोजम्बीक भने एक जीत र दुई हारका साथ तीन अंकमात्र जोड्दै प्रतियोगिताबाट बाहिरिएको छ । आईतबार नै भएको समुह एको खेलमा पारग्वेले अमेरिकालाई ९-४ ले हराउँदै समुह चरण पार गर्नुसक्ने सम्भावनालाई जिवितै राखेको छ । पहिलो खेलमा जापानसँग ७-४ ले र दोस्रो खेलमा रुस फुटबल युनियनसँग पेनाल्टी शुटआउटमा ५-४ ले पराजित भएपनि अन्तिम खेलमा निकालेको जितले अर्को चरण जाने सम्भावना कायमै राखेको छ ।

समुह - *बाँकी ३ पेजमा*




माझखर्क सामाजिकको सह-प्रकाशन
मुलुकी दैनिक
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट